## नेपालइन्जिनियर्स एशोसियसनमा आवद्ध सदस्यइन्जिनियरलाई
## रु. १० लाखको दुर्घटना बीमादाबिभुक्तानी

नेपाल इन्जिनियर्स एशोसियसनमा आवद्ध इन्जिनियरहरुको प्रतिव्यक्ति १० लाख बीमांककायम रहने गरी सामूहिक दुर्घटना बीमागरिएकोमा एशोसियसनका आजिवन सदस्य ई. परमानन्द चौधरीको गत २०७७ माघ २५ गते मकवानपुर जिल्लाको भिमफेदीमा सवारी दुर्घटनामा परि मृत्यू भई कम्पनीमा बीमादाबि पर्न आएको थियो । पिडित परिवारलाई केही आर्थिक राहत होस् भन्ने हेतुले गरिएको दुर्घटना बीमा अन्तर्गत मृतकको हकवाला (बुवा) श्रीभगवान चौधरीज्यूलाई रु.१० लाख (बीमांकको शतप्रतिशत) दाबिभुक्तानी गरियो । कार्यक्रममा एशोसियसनका अध्यक्ष र कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूहरुले यस बीमाकार्यक्रमबाट पिडित परिवारलाई केहि हदसम्मभएपनि आर्थिक क्षतिपूर्ति प्रदानगर्न सकिएको र समुदायमा पेशागत दायित्व निर्वाह गर्ने क्रममा आउने जोखिमहरुलाई आर्थिक क्षतिपूर्ति मार्फत पिडित पक्षलाई योगदान दिन यस्तो बीमा कार्यक्रमको सघन रुपमा विस्तार हुनुपर्ने विषयमा समेत छलफल भएको थियो ।

